# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७६।०३।१७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

राष्ट्रिय मा.वि. लकडमण्डी, कैलालीका पूर्व प्र.अ. लाल कुमार झाले भू.पू. प्र.अ. पवन कुमार महतौ र विद्यालय व्यवस्थापन समिति अध्यक्ष गेहु प्रसाद डगौरासँग मिलेर विभिन्न आर्थिक वर्षहरूमा विद्यालयको विभिन्न शीर्षकको लागि निकासा भएको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी निबेदनको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय माध्यमिक विद्यालय, लकडमण्डी, कैलालीका तत्कालीन प्रधानाध्यापक लाल कुमार झा, तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पवन कुमार महतौ र गेहु प्रसाद डगौरा समेतले राष्ट्रिय मा.वि. लकडमण्डी, कैलालीको लागि विभिन्न शीर्षकहरूको लागि आ.व.२०६६/०६७, २०६९/०७० र २०७०/०७१ मा निकाशा भएको रकम प्राप्त गरी खर्चको लेखाजोखा नगरी खर्च सम्बन्धी प्रमाण कागजात नराखी विद्यार्थीसम्बन्धी झुट्टा विवरण तयार गरी प्राप्त अनुदान रकम समेत अनियमितता गरेको पुष्टि हुन आएको देखिएकोले निजहरू उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई मिति २०७६।०३।१६ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १ | लाल कुमार झा | तत्कालीन प्रधानाध्यापक | राष्ट्रिय मा.वि. लकडमण्डी, कैलाली | रू.२,५९,४८२।७३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायको माग दावी लिई सोही ऐनको दफा १७ बमोजिम हिनामिना भएको बिगो असुल उपर हुन मागदावी |
| २ | गेहु प्रसाद डगौरा | तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | ,, | रू.२,१०,२५२।७३ | ,, |
| ३ | पवन कुमार महतौ | ,, | ,, | रू.६३,२३०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता